# घट्दो भर्ना

## बारम्बार सोधिने प्रश्नहरू

साना स्कूल प्रस्ताव के हो?

डेनभर शिक्षा बोर्डले जुन २०२१ मा साना स्कूल प्रस्ताव स्वीकृत गऱ्यो, जसले एलिमेन्टरी स्कूलहरूमा घट्दो भर्ना सम्बोधन गर्नका लागि डिस्ट्रिक्टभरिका स्कूल समुदायहरूसँग काम गर्न डिस्ट्रिक्टलाई निर्देशित गर्दछ।

उक्त प्रस्तावले पारगमनीय मूल भाषा शिक्षण (टिएनएलआइ) नमुना प्रयोग गर्दै सशक्त द्वैभाषिक शिक्षा सामेल विद्यार्थीहरूका लागि दिगो कार्यक्रम सुनिश्चित गर्ने मार्गदर्शनहरू सहित घट्दो भर्नाका लागि सम्भावित समाधानहरू निर्माण गर्नका लागि डिपिएस स्टाफलाई समुदायले नेतृत्व गरेको, डिस्ट्रिक्ट-समर्थित प्रक्रिया आरम्भ गर्नका लागि आह्वान गर्दछ।
घट्दो भर्ना के हो?

२०१४-२०२० को अवधिमा, डिपिएसले करिब ५००० भन्दा कम एलिमेन्टरी विद्यार्थीहरू भर्ना गऱ्यो, र यो प्रवृत्ति आगामी पाँच वर्षका लागि जारी रहने अपेक्षा गरिएको छ। यो कमी डेनभरको परिवर्तित जनसाङ्ख्यिकीका कारण भएको मानिन्छ। उदाहरणका लागि, २००८ देखि डेनभरमा जन्मिएका बच्चाहरूको सङ्ख्या घट्दै गएको छ। सहरका धेरै क्षेत्रहरूमा परिवर्तनशील आवास स्टकसँगै हेर्दा यस तथ्यले डेनभर पब्लिक स्कूल्सको भर्ना क्षेत्रमा स्कूल उमेरका बच्चाहरूको सङ्ख्यालाई कम गराएको छ।

हाम्रा स्कूलहरूमा घट्दो भर्नाका असरहरू केके हुन्छन्?

विद्यार्थी-उमेरका बच्चाहरूको जनसङ्ख्या घट्दै गएपछि, डिस्ट्रिक्ट भरिका थुप्रै स्कूलहरूमा भर्ना पनि घट्दो क्रममा छ। स्कूलहरूले कम विद्यार्थीहरू भर्ना गरेपछि, डिपिएस र स्कूलले राज्यबाट कम पैसा प्राप्त गर्छ, जसले विद्यार्थीहरूको अधिकार रहेको भनी हामीले ठानेका कार्यक्रमहरू तथा सेवाहरू फन्ड गर्न धेरै कठिन बनाउँछ। यही प्रवृत्ति आगामी पाँच वर्षका लागि जारी रहने प्रक्षेपण समेत गरिएको छ।

डिपिएसले विविधतापूर्ण आवश्यकताहरूका लागि डिस्ट्रिक्ट सञ्चालित स्कूलहरूलाई अतिरिक्त फन्डिङ प्रदान गर्दछ। यसमा २१५ भन्दा कम विद्यार्थी भर्ना भएका स्कूलहरूका लागि "साना स्कूल अनुदान" र अतिरिक्त "बजेट सहयोग" सामेल छन् जसमा घट्दो भर्ना भएका स्कूलहरू वा अन्य कारणहरू बीच आफ्ना सम्पूर्ण कार्यक्रमहरूका लागि फन्ड गर्न र स्टाफका लागि आवश्यक पर्ने भन्दा कम विद्यार्थीहरू हुने प्रक्षेपण गरिएका स्कूल सामेल छन्।

हाम्रा स्कूलहरूमा घट्दो भर्नाका असरहरू केके हुन्छन्?

विद्यार्थी-उमेरका बच्चाहरूको जनसङ्ख्या घट्दै गएपछि, डिस्ट्रिक्ट भरिका थुप्रै स्कूलहरूमा भर्ना पनि घट्दो क्रममा छ। स्कूलहरूले कम विद्यार्थीहरू भर्ना गरेपछि, डिपिएस र स्कूलले राज्यबाट कम पैसा प्राप्त गर्छ, जसले विद्यार्थीहरूको अधिकार रहेको भनी हामीले ठानेका कार्यक्रमहरू तथा सेवाहरू फन्ड गर्न धेरै कठिन बनाउँछ। यही प्रवृत्ति आगामी पाँच वर्षका लागि जारी रहने प्रक्षेपण समेत गरिएको छ।

डिपिएसले विविधतापूर्ण आवश्यकताहरूका लागि डिस्ट्रिक्ट सञ्चालित स्कूलहरूलाई अतिरिक्त फन्डिङ प्रदान गर्दछ। यसमा २१५ भन्दा कम विद्यार्थी भर्ना भएका स्कूलहरूका लागि "साना स्कूल अनुदान" र अतिरिक्त "बजेट सहयोग" सामेल छन् जसमा घट्दो भर्ना भएका स्कूलहरू वा अन्य कारणहरू बीच आफ्ना सम्पूर्ण कार्यक्रमहरूका लागि फन्ड गर्न र स्टाफका लागि आवश्यक पर्ने भन्दा कम विद्यार्थीहरू हुने प्रक्षेपण गरिएका स्कूल सामेल छन्।

हाम्रा स्कूलहरूमा घट्दो भर्नाका असरहरू केके हुन्छन्**?**

विद्यार्थी-उमेरका बच्चाहरूको जनसङ्ख्या घट्दै गएपछि, डिस्ट्रिक्ट भरिका थुप्रै स्कूलहरूमा भर्ना पनि घट्दो क्रममा छ। स्कूलहरूले कम विद्यार्थीहरू भर्ना गरेपछि, डिपिएस र स्कूलले राज्यबाट कम पैसा प्राप्त गर्छ, जसले विद्यार्थीहरूको अधिकार रहेको भनी हामीले ठानेका कार्यक्रमहरू तथा सेवाहरू फन्ड गर्न धेरै कठिन बनाउँछ। यही प्रवृत्ति आगामी पाँच वर्षका लागि जारी रहने प्रक्षेपण समेत गरिएको छ।

डिपिएसले विविधतापूर्ण आवश्यकताहरूका लागि डिस्ट्रिक्ट सञ्चालित स्कूलहरूलाई अतिरिक्त फन्डिङ प्रदान गर्दछ। यसमा २१५ भन्दा कम विद्यार्थी भर्ना भएका स्कूलहरूका लागि "साना स्कूल अनुदान" र अतिरिक्त "बजेट सहयोग" सामेल छन् जसमा घट्दो भर्ना भएका स्कूलहरू वा अन्य कारणहरू बीच आफ्ना सम्पूर्ण कार्यक्रमहरूका लागि फन्ड गर्न र स्टाफका लागि आवश्यक पर्ने भन्दा कम विद्यार्थीहरू हुने प्रक्षेपण गरिएका स्कूल सामेल छन्।

पूर्ण भर्ना भएका स्कूलहरू किन महत्त्वपूर्ण छन्**?**

पूर्ण भर्ना भएका स्कूलहरूसँग विद्यार्थीहरूलाई सुदृढ तथा निष्पक्ष विद्यार्थी अवसरहरू प्रदान गर्नका लागि पर्याप्त फन्ड हुन्छ, जसमा निम्न सामेल छन्:

- नियमित तालिकामा रहेका कला, शारीरिक शिक्षा, सङ्गीत, र/वा अन्य वैकल्पिक विषयहरू।
- बहुभाषिक सिकारूहरूका लागि उपयुक्त ग्रेड तथा भाषा-तह कार्यक्रमहरू
- सबै तहहरूमा गिफ्टेड र ट्यालेन्टेड, विशेष शिक्षा, गणित र साक्षरता हस्तक्षेपहरू
- पुनर्स्थापनात्मक अभ्यासहरूका लगि स्कूल परामर्शदाताहरू, मनोचिकित्सकहरू जस्ता मानसिक स्वास्थ्य सेवाहरू र/वा सामाजिक कार्यकर्ताहरू, र स्टाफ
- शिक्षक योजना तथा तथ्याङ्क-चालित शिक्षण अभ्यासहरूका लागि निर्धारित समय
- कोर्स वा ग्रेड तह-स्तरहरू तथा मूल्याङ्कनहरूको एउटा समूहमा ध्यान केन्द्रित गर्ने शिक्षकहरूका लागि क्षमता

कुनै स्कूलमा न्यून**-**भर्ना भए के हुन्छ**?**

कम भर्ना भएका एलिमेन्टरी स्कूलहरूले प्राय अनियमित वैकल्पिक विषयहरू, गुणस्तरीय टिएनएलआइ कार्यक्रममा प्रभाव तथा हस्तक्षेप (जस्तै साक्षरता र गणितमा अतिरिक्त सहयोग) वा विस्तार (जस्तै गिफ्टेड र ट्यालेन्टेड कार्यक्रमहरू) का लागि सीमित अवसरहरू अनुभव गर्दछन्। कम भर्ना तथा टिएनएलआइ कार्यक्रम भएका स्कूलहरूलाई प्राय ग्रेड-तहहरूलाई जोडेर अझ सम्झौता गर्नु पर्छ।

स्कूलहरूका लागि परिवर्तनहरू कहिलेदेखि कार्यान्वयन गरिन्छन्**?**

यो प्रक्रिया रातारात हुन सक्दैन। कम हुँदो परिस्थितिहरू तथा भर्नामा उच्चतम कमी भई बन्द गर्नु पर्ने आवश्यकता भएका स्कूलहरूका लागि विशिष्ट अपेक्षाहरू सहित यो लक्ष्य २०२३-२४ स्कूल वर्षसम्म परिवर्तन नहोस् भन्नका लागि हो। कुनै पनि परिवर्तन हुनु अघि, प्रभावित समुदायहरूका लागि विकल्पहरू विकसित गर्नका लागि डिपिएसले स्टाफ, परिवारहरू, र छिमेकीहरूसँग काम गर्नेछ।

कुनकुन स्कूललाई बन्द गर्नका लागि पहिचान गरिएको छ?

कुनै पनि स्कूललाई बन्द गर्नका लागि पहिचान गरिएको छैन, र बन्द गर्न वा एकीकरण गर्ने कुरामा विचार गर्न पर्ने स्कूलहरूको कुनै सूची पनि छैन। कुनकुन स्कूलहरू बन्द गर्नु पर्ने हो वा एकीकरण गर्नु पर्ने हो भनी निर्धारण गर्न डिस्ट्रिक्टले प्रयोग गर्ने मापदण्डहरूको निर्माण घट्दो भर्ना सल्लाहकार समितिले गर्नेछ।

स्कूल स्टाफ तथा परिवारहरूका लागि यसको अर्थ के हो?

स्कूलहरूलाई एकीकरण वा बन्द गर्न पहिचान गरिसकेपछि, डिपिएस अवस्थान्तरणभरि परिवारहरू तथा स्टाफलाई सहयोग गर्न डिपिएस प्रतिबद्ध छ। डिपिएस तथा बोर्डले स्टाफलाई सहयोग गर्ने आफ्ना प्रतिबद्धताहरू स्पष्ट उल्लेख गरिसकेका छन्, जसलाई कुनै पनि परिवर्तनभरि प्राथमिकतामा राखिनेछ। स्कूलहरू परिवर्तनका लागि कुनै योजनाहरू, स्कूल छनोट, यातायात, विशिष्टिकृत कार्यक्रम तथा हाम्रा परिवारहरू र विद्यार्थीहरूका लागि महत्त्वपूर्ण अन्य आवश्यकताहरूका लागि डिपिएसले परिवारहरूलाई सहयोग गर्नेछ।

टिएनएलआइ तथा भाषा सिकाइ कार्यक्रमहरूका लागि यस परिवर्तनको अर्थ के हुनेछ?

डिपिएस सहमति आदेश मा रेखाङ्कित गरिएका हाम्रा कानुनी दायित्वहरू प्रति प्रतिबद्ध रहनेछ। यस आदेशले हाम्रा बहुभाषिक विद्यार्थीहरूका लागि भाषा सहयोग तथा भाषा सिकाइ कार्यक्रमहरू सुनिश्चित गर्न आवश्यकताहरू रेखाङ्कित गरेको छ। हामी हाम्रा बहुभाषिक विद्यार्थीहरू तथा परिवारहरूलाई गहन सम्मान गर्छौं र सशक्त भाषा सिकाइ कार्यक्रमहरू सुनिश्चित गर्नका लागि सदैव प्रतिबद्ध रहनेछौं। यदि कुनै स्कूलहरू बन्द गरिए वा एकीकृत गरिए भने, हाम्रा विद्यार्थीहरूका लागि सशक्त भाषा कार्यक्रमहरू सुनिश्चित गर्न नजिकबाट ध्यान दिइनेछ। बन्द तथा एकीकरणका बारेमा यस वार्तालापको मूल औचित्य भनेको हाम्रा विद्यार्थीहरूका लागि हाम्रा भाषा कार्यक्रमहरू समर्थित रहून् र सफलतापूर्वक सेवा दिन तथा सहयोग गर्न समर्थ रहून् भनी सुनिश्चित गर्नु हो।

यदि कुनै स्कूल बन्द गरियो भने, विशेष शिक्षा केन्द्र-आधारित कार्यक्रमहरूलाई के गरिन्छ?

सहमति आदेशप्रति हाम्रा कानुनी दायित्वहरूसँग समान, हामी केन्द्र-आधारित कार्यक्रमहरूमा गुणस्तरीय कार्यक्रमहरू तथा सहयोग सेवाहरू सुनिश्चित गर्न कानुनी तथा नैतिक रूपमा जिम्मेवार छौं। बन्द हुने वा नहुने जे भएता पनि, डिपिएसले केन्द्र-आधारित कार्यक्रममा भएका सम्पूर्ण विद्यार्थीहरूले गुणस्तरीय कार्यक्रममा अवस्थान्तरण हुने अवसर प्राप्त गरून् भनी सुनिश्चित गर्नेछ।

के प्रारम्भिक बाल्यावस्था शिक्षा (इसिइ) भर्ना पनि त्यही दरमा घटिरहेको छ?

इसिइ भर्ना के-१२ भर्ना भन्दा भिन्न हो र तिनलाई के-१२ सामुदायिक शिक्षा प्रणालीभन्डा अलग्गै फन्ड गरिन्छ। कोलोराडो राज्यमा इसिइ भर्ना ग्यारेन्टी गरिएको छैन। इसिइ विद्यार्थीहरूका लागि अनिवार्य छैन र धेरै परिवारहरूले इसिइमा भर्ना गराउँदैनन्। यसको अर्थ यसमा हुने भर्ना के-१२ भर्ना भन्दा नितान्त भिन्न हो, र इसिइ के-१२ भर्नका लागि स्पष्ट सूचक होइन। औसत रूपमा, डिपिएस इसिसि ४ ले आफ्ना किन्डरगार्टन विद्यार्थीहरूको करिब ५०% विद्यार्थीहरूको प्रतिनिधित्व गर्दछ। बितेका कैयन् वर्षहरूमा, विद्यार्थीहरूका लागि उपलब्ध इसिइ सिटहरूको सङ्ख्या वृद्धि गर्नमा डिपिएसले ठूला छलाङहरू मारेको छ, विशेषगरि इसिइ ३ विद्यार्थीहरूका लागि। त्यसैले इसिइ भर्ना तुलनात्मक रूपमा समान वा केही वृद्धि भएको अवस्थामा रहे पनि छ, यो विद्यार्थी जनसङ्ख्यामा भएको परिवर्तनहरूको प्रतिबिम्बन होइन, यो अतिरिक्त सिटहरू थप गरिएको तथ्यको प्रकार्य मात्र हो।

के चार्टर स्कूलहरू स्कूलहरूको एकीकरण प्रक्रियाहरूमा सहभागी हुन्छन्?

घट्दो भर्नाले डिस्ट्रिक्टभित्र सम्पूर्ण किसिमका स्कूलहरू (डिस्ट्रिक्ट-सञ्चालित, इनोभेसन तथा चार्टर) लाई प्रभाव पारेको छ। डिपिएस चार्टर स्कूलहरू पनि, सम्पूर्ण डिपिएस स्कूलहरूमा समान रूपमा लागू हुने मापदण्ड निर्माण गर्नका लागि, घट्दो भर्ना सल्लाहकार समितिमा सहभागी भैरहेका छन्। यस अतिरिक्त, सम्पूर्ण डिपिएस चार्टर स्कूलहरू गैरनाफामुखी सङ्गठनहरू हुन् र उनीहरू आफ्नो आर्थिक सम्पन्नताका लागि पूर्ण रूपमा जिम्मेवार छन्। यसको अर्थ उनीहरूले न्यून-भर्ना भएको खण्डमा अतिरिक्त डिस्ट्रिक्ट फन्डिङ प्राप्त गर्दैनन्। प्रत्येक चार्टर स्कूल र डिस्ट्रिक्ट बीच करारको प्रमुख आवश्यकता नै आर्थिक सम्पन्नता हो, र कुनै पनि चार्टर आफ्नो स्वस्थ आर्थिक सम्पन्नता कायम नगरेमा स्कूललाई नवीकरण नगर्ने र आफ्नो करार समर्पण गर्ने आवश्यक गराउन सकिन्छ।

घट्दो भर्नाको कारण के हो? के डेनभरका परिवारहरूले निजी स्कूलहरू छनोट गर्दैछन् वा डिस्ट्रिक्टलाई छोड्दै मात्रै छन्?

डिपिएस स्कूलहरूमा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या घट्ने थुप्रै कारणहरू छन्। आवास मूल्यहरूमा भएको वृद्धिले धेरै परिवारहरूलाई सहर छोड्न बाध्य बनाएको कुरा हामीलाई थाहा छ। बितेको दशकभरि जन्म दर स्थिर रूपमा घट्दै गएको कुरा पनि हामीलाई थाहा छ। हाम्रा भर्ना तथ्याङ्कहरूले धेरैजसो डेनभरका परिवारहरूले डिपिएस स्कूलहरू छनोट गरेको पनि देखाएका छन्। डेनभरका विद्यार्थीहरूको करिब ८% अन्य कोलोराडो डिस्ट्रिक्टहरूमा भर्ना भएका छन्, र करिब ६.६% निजी स्कूलमा पढ्छन्।

किन डिस्ट्रिक्ट यस मापदण्डका लागि एलिमेन्टरी र मिडल स्कूलमा मात्र केन्द्रित छ?

हाम्रा भर्ना तथ्याङ्कहरूले बितेको दशकभरिमा हाम्रा एलिमेन्टरी स्कूलहरूले सबैभन्दा बढी भर्नाको कमी देखेको देखाएका छन्, र यो जानकारी माध्यमिक तहमा घट्दो भर्ना हुन्छ भन्ने कुराको प्रमुख सूचक हो। एलिमेन्टरी विद्यार्थीहरूको सानो समूहले मात्र मिडल स्कूलहरूमा भर्ना लिने भएकाले हामीले मिडल स्कूल उमेरका विद्यार्थीहरूको कम सङ्ख्या देख्छौँ। डिस्ट्रिक्टभरि हामीसँग माध्यमिक स्कूलहरू भन्दा निकै धेरै एलिमेन्टरी स्कूलहरू छन्, र यी स्कूलहरू घट्दो भर्नाका चुनौतीहरूले सबैभन्दा बढी प्रभावित छन्।

के समितिका बैठकहरू सर्वसाधारणका लागि खुला छन्?

उक्त समितिका बैठकहरूलाई "कार्यरत सत्रहरू" मानिन्छ र डिस्ट्रिक्टभरि ती समिति सदस्यहरूका लागि लक्ष्यित हुन् जसले परिवारहरू र अभिभावकहरू, शिक्षकहरू, स्कूल नेतृत्वकर्ताहरू, र सममुदायका सदस्यहरूको प्रतिनिधित्व गर्छन्। बैठकका अंशहरू घट्दो भर्ना सल्लाहकार समिति वेबपृष्ठमा पोस्ट गरिनेछन्।

सामुदायिक पृष्ठ पोषणका लागि अवसरहरू छन् कि छैनन्?

छन्, समितिले मार्गदर्शन सिद्धान्तहरू विकसित गर्दैगर्दा र मापदण्डहरूको पाण्डुलिपि तयार गर्दैगर्दा सामुदायिक पृष्ठपोषण प्राप्त गर्नेछन्। मापदण्डहरूको सेट तयार भएपछि पनि सामुदायिक पृष्ठपोषण हुनेछ। यी पृष्ठपोषणहरूलाई घट्दो भर्ना सल्लाहकार समिति वेबपृष्ठमा पोस्ट गरिनेछन्।